# जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
# JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त संस्था)

**केन्द्रीय कार्यालय कटहरी २, मोरङ्ग**
**सम्पर्क नं. ९८०२७९६१९६**

## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/१२/०४ गते

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७८/१२/०३ गते बसेको ५७ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको तेश्रो बार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान:**

**मिति : २०७८/१२/२५ गते शुक्रबार (तदनुसार ८ अप्रिल, २०२२)**
**समय : बिहान १०:३० बजे ।**
**स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्ग ।**

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्ताव:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

(३) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ को वितरणयोग्य मुनाफाबाट २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. ६०,८४,००,०००/- को ७० प्रतिशतले हुन आउने रकम रु. ४२,५८,८०,०००।०० (अक्षरमा बयालिस करोड अन्ठावन्न लाख असी हजार रुपैयाँ मात्र) बोनश शेयर तथा ३.६८४२ प्रतिशतले हुन आउने रकम रु. २,२४,१४,७३६।८४ (अक्षरमा दुई करोड चौविस लाख चौध हजार सात सय छत्तीस रुपैयाँ आठ चार पैसा मात्र) नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।

(५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

(१) वित्तीय संस्थाको अधिकृत पूँजी रु. १ अर्बबाट बृद्धि गरी रु. २ अर्ब पुऱ्याउने ।

(२) वित्तीय संस्थाको जारी पूँजी रु. ६०,८४,००,०००/- बाट बृद्धि गरी रु. १,०३,४२,८०,०००/- (अक्षरेपी एक अर्ब तीन करोड बयालिस लाख असी हजार मात्र) पुऱ्याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

(३) वित्तीय संस्थाको जारी पूँजी बृद्धि गरिने भएकाले सो बराबरको चुक्ता पूँजी पुऱ्याउन वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु. ६०,८४,००,०००/- को ७० प्रतिशतले हुन आउने रकम रु. ४२,५८,८०,०००/- (अक्षरेपी बयालिस करोड अन्ठावन्न लाख असी हजार रुपैयाँ मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

(४) बोनस शेयर जारी गरे पश्चात् वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकाले सोही बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(क), ६(ख) र ६(ग) मा संशोधन गर्ने ।

(५) नेपाल राष्ट्र बैंकको स्वीकृती लिई डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु गर्न प्रवन्धपत्रको दफा ५ खण्ड १(र) थप गर्ने ।

(६) वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा संशोधन गर्ने ।

(७) अध्यक्ष तथा सञ्चालकहरुको वैठक भत्ता तथा अन्य सुविधाहरु बृद्धि/थप गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

(८) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मूल्यांकनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसंग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(९) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न गराउन तथा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

**(ग) विविध:**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :

१. शेयर दर्ता किताब बन्द रहने: तेश्रो बार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेजीको कार्य मिति २०७८/१२/१२ गतेदेखि मिति २०७८/१२/२५ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/१२/११ गतेसम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा नगद लाभांश/बोनस शेयर पाउन योग्य हुने व्यहोरा सबैमा जानकारीका लागि सूचित गरिन्छ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही परिचय नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारिक पत्र लिई आउनु पर्नेछ।

३. तेश्रो वार्षिक साधारण सभाको प्रतिवेदन वित्तीय संस्थाको वेवसाईटमा राखिने छ र सो बाट प्राप्त गर्न तथा अध्ययन गर्न सकिनेछ। साथै वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौबाट समेत प्राप्त गर्न सकिनेछ। कुनै कारणबस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले सभा हुने दिन सभास्थलबाट समेत प्राप्त गर्न सक्नुहुनेछ।

४. संक्रामक रोग कोरोना भाईरस (कोभिड-१९) को माहामारीका कारण नेपाल सरकारद्वारा सो को रोकथाम तथा नियन्त्रणका लागि जारी निर्देशन तथा सूचना बमोजिम तोकिएको संख्यामा मात्र शेयरधनीहरुको उपस्थिति रहने गरी साधारण सभाको सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ। जसका लागि सभामा स्वयं उपस्थित भई सहभागी हुन चाहने शेयरधनीले मास्क, पञ्जा, लगायतका न्यूनतम सुरक्षाका सामाग्रीहरु प्रयोग गरी सहभागी भईदिनु हुन विशेष अनुरोध गरिन्छ। संक्रामक रोग नियन्त्रणका लागि सम्बन्धित निकायबाट निषेधाज्ञा लगायतका आदेश जारी भएको अवस्थामा भिडियो कन्फ्रेन्स (भर्चुअल) प्रविधि मार्फत सभामा शेयरधनीहरु उपस्थित हुने व्यवस्था मिलाईने छ। सो विषयमा वित्तीय संस्थाको वेवसाईटमा सूचना प्रकाशित गरी गराईनेछ।

५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ। साधारण सभामा भाग लिन आउने शेयरधनीहरुले साधारण सभासंग सम्बन्धित कागजात बाहेक कुनै झोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध गरिएको छ।

६. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।

७. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुने समयभन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय कटहरी-२, मोरङ्गमा दर्ता गराई सक्नुपर्नेछ।

८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले दिन सक्नेछन्।

९. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिनेछैन।

१०. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन प्रकृया तथा कार्यक्रम वित्तीय संस्थाको “सञ्चालक निर्वाचन निर्देशिका, २०७७” बमोजिम हुनेछ। निर्वाचन सम्बन्धी कार्यक्रम तालिका साधारण सभा हुने दिनभन्दा ७ दिन अगावै वित्तीय संस्थाको सूचना पाटी एवं निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गरिनेछ।

११. सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालक पदको निर्वाचनमा उम्मेदवार हुन चाहने मतदाता नामावलीमा नाम दर्ता भएको शेयरधनीले वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था बमोजिम कम्तीमा १०० (एक सय) कित्ता साधारण शेयर आफ्नो नाममा लिएको हुनुपर्ने छ। प्रचलित नेपालको कानुन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंकद्वारा समय समयमा जारी गरिएका निर्देशनहरु तथा वित्तीय संस्थाको निर्वाचन निर्देशिका बमोजिम अयोग्यता नठहरिएको शेयरधनी उक्त संचालकको उम्मेदवार हुन योग्य हुनेछन्।

१२. “सञ्चालक निर्वाचन निर्देशिका, २०७७” प्राप्त गर्न चाहेमा यस वित्तीय संस्थाको नाममा नबिल बैंक लिमिटेडमा रहेको खाता नं. ०७०१०१७५०१०२८ मा रु.२००/- जम्मा गरी सो को भौचर वा क्रेडिट एड्भाईस यस वित्तीय संस्थाको ईमेल info@jeevanbikas.com मा पठाउनु भएमा ईमेल मार्फत सो निर्देशिका उपलब्ध गराईनेछ।

१३. तेश्रो वार्षिक साधारण सभा तथा निर्वाचन सम्बन्धमा अन्य थप जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको फोन नं. ९८०२७९६१९६ मा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध छ।